**स्वयंसेवा**

जीवजन्तुको बढ्दो लोप हुने क्रमसँगै वन्यजीवन संसार संकटमा पुगेको छ । यसले धेरै मानिसहरुलाई दुःखी बनाएको छ ।

प्रभावशाली परोपकारी कार्य सञ्चालन गर्नको लागि FES सबै खालका व्यक्तिहरुमाथि भरोसा गर्दछ । हाम्रो लागि समय दिन सक्ने र आफ्नो पहिचान बनाउन चाहने मानिसको हामीलाई आवश्यकता छ । हामी उनीहरुलाई अवसर दिन सक्छौं । प्रत्येक व्यक्ति महत्वपूर्ण हुन्छ भन्ने हाम्रो सोच हो ।

यदि तपाईं कुनै विशेष क्षेत्रमा सहयोग गर्न चाहनुहुन्छ भने हामीलाई लेखाप्रणाली र कानूनी कार्यजस्ता क्षेत्रमा सल्लाह दिने व्यक्तिको खाँचो छ । त्यसबाहेक, तपाईंसँग कुनै प्रशासनिक वा आम्दानी बढाउन सक्ने सीप छ भने हामीलाई सम्पर्क गर्नुहोस् । कुनै पनि परोपकारी संस्थाको लागि यी अत्यन्त महत्वपूर्ण कुराहरु हुन् । संगठित समूहभित्र रहेर तपाईं स्वयंले काम गर्नुहुनेछ ।

परियोजनाका कामहरुमा समुद्री तटको सफाइ र अन्य फिल्डवर्क पर्दछन् । यी गतिविधिहरुमा विचार मिल्ने मानिसहरुसँग जमघट हुने हुनाले ज्यादै रमाइलो वातावरणमा काम सञ्चालन हुन्छ ।

त्यसैले, यदि तपाईंसँग केहि फुर्सदको समय छ, अवकाशप्राप्त हुनुहुन्छ वा विश्वमा केहि खोज गर्न चाहनुहुन्छ भने, FES ले तपाईंलाई नयाँ बाटो देखाउनुका साथै नयाँ सीप र रुचितिर डोहोर्याउनसक्छ ।

यदि तपाईं जुनसुकै किसिमबाट FES मा संलग्न हुन चाहनुहुन्छ भने, कृपया हामीलाई सम्पर्क गर्नुहोला ।